| निर्णय संख्या :- ००४ |
|---|
| मिति :- २०७९/०३/२४ |

आज मिति २०७९ असार २४ गते यस बुलिङटार गाउँपालिकाका अध्यक्ष श्री दिपेन्द्र सुनारीको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्य ज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

## कार्यपालिका सदस्यहरु

| क्र सं. | नाम थर | पद | ठेगाना | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिपेन्द्र सुनारी | गाउँपालिका अध्यक्ष | बुलिङटार १ | | |
| २ | दिल माया राना | गाउँपालिका उपाध्यक्ष | बुलिङटार ५ | | |
| ३ | दिल बहादुर सुर्यवंशी | १ नं वडा अध्यक्ष | बुलिङटार १ | | |
| ४ | कमल राज वकावल मगर | २ नं वडा अध्यक्ष | बुलिङटार २ | | |
| ५ | विष्णु वीर जर्घा मगर | ३ नं वडा अध्यक्ष | बुलिङटार ३ | | |
| ६ | मिन बहादुर आले | ४ नं वडा अध्यक्ष | बुलिङटार ४ | | |
| ७ | विजय थापा | ५ नं वडा अध्यक्ष | बुलिङटार ५ | | |
| ८ | मोहन राज पाठक | ६ नं वडा अध्यक्ष | बुलिङटार ६ | | |
| ९ | थमी सरा बिश्वकर्मा | कार्यपालिका महिला सदस्य | बुलिङटार १ | | |
| १० | ज्यु माया बाचे मगर | कार्यपालिका महिला सदस्य | बुलिङटार २ | | |
| ११ | सुनिता वि.क. | कार्यपालिका महिला सदस्य | बुलिङटार ३ | | |
| १२ | पवित्रा सारु | कार्यपालिका महिला सदस्य | बुलिङटार ४ | | |
| १३ | केशर बहादुर कुमाल | कार्यपालिका दलित/अल्पसंख्यक सदस्य | बुलिङटार ३ | | |
| १४ | दुर्गा बहादुर कुमाल | कार्यपालिका दलित/अल्पसंख्यक सदस्य | बुलिङटार ६ | | |
| १५ | सिताराम खनाल | नि. प्रमुख प्रशासकीय अधिकृत | स्याङ्जा | | |

प्रस्ताव नं. ०१

सम्पुरक अनुदान मार्फत संञ्चालित योजनाको भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ०१

प्रस्ताव नं. १ मा छलफल गर्दा आ.ब. ०७८/७९ मा बुलिङटार गाउँपालिका वडा नं. ०२ मा गण्डकी प्रदेश सरकारबाट समपुरक अनुदान अन्तर्गत रु. १ करोड बजेट विनियोजन भइ सञ्चालित आयोजना टाँडीस्वरा देखी माथिल्लो काफलडाडा मोटरबाटो निर्माण कार्यको प्राविधिक कार्य सम्पन्न प्रतिवेदन बमोजिम रु ८३,६८,२९३ । को कार्य सम्पन्न भइसकेको हुँदा गाउँपालिका कार्यालयले ४० प्रतिशत बजेट साझेदारी गर्नुपर्ने रकम रु. ३४ लाख चालु आ.ब. मा बजेट विनियोजन भइ सम्पादित कार्यको भुक्तानी भएपश्चात खर्च हुन नसकेका तपसिल बमोजिमका योजनाहरुबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजनाको नाम | भुक्तानी दिइने रकम | कैफियत |
|---|---|---|---|
| १ | आमा आश्रम घुमारी भवन निर्माण | १५००००० | |
| २ | ओखले करङ भञ्याङ्ग मोटरबाटो | १९००००० | |
| | कुल रकम | ३४००००० | |

प्रस्ताव नं. ०२

भुक्तानी सम्बन्धमा ।

निर्णय नं. ०२

प्रस्ताव नं. २ मा छलफल गर्दा चालु आ.ब. मा कार्य सम्पादन भइ विविध कारणले भुक्तानी हुन बाँकी रहेका तपसिलका योजनाहरुको तपसिलका बजेट शिर्षकहरुबाट भुक्तानी दिने निर्णय गरियो ।

तपसिल

| क्र.स. | योजना वा कार्यको नाम | भुक्तानी दिइने रकम | भुक्तानी दिइने बजेट शिर्षक | कैफियत |
|---|---|---|---|---|
| १ | साधखोला लघुजलविद्युत योजना | १००००० | भिडियो एक्सरे जडान | हिउदे अधिवेसन बाट विनियोजन भइ योजना छुट भएको |
| २ | महादेव तिवारी | २१३०० | बुलिङटार खानेपानी | खर्च शिर्षक |
| ३ | सवारी साधन मर्मत तथा मोटरसाइकल मर्मत बापतको भुक्तानी दिन बाँकी रकम | | organization and management सर्वे | अपुग भएको बजेट भुक्तानी दिने |
| ४ | सवारी चालक र गा.पा. अध्यक्षको निजि सचिवको पारिश्रमिक | | organization and management सर्वे | अपुग भएको बजेट भुक्तानी दिने |
| ५ | सगुन निर्माण सेवा | ८०००० | organization and management सर्वे | अपुग भएको बजेट भुक्तानी दिने |
| ६ | भातरीपुर सामुदायिक भवन | ६५०००० | बुलिङटार प्राथमिक स्वास्थ्य चौकी भवन निर्माण क्रमागत | अपुग भएको बजेट भुक्तानी दिने |

प्रस्ताव नं. ०३

प्रोत्साहन भत्ता सम्बन्धमा ।

निर्णय नं. ०३

प्रस्ताव नं. ३ मा छलफल गर्दा चालु आ.ब. का योजनाहरु फर्छैट का लागि कार्यालय समय बाहेक अतिरिक्त समयमा कार्यालयमा आइ अत्यधिक कार्यबोझ भएको

हुँदा लेखा शाखामा कार्यरत कर्मचारीहरुको जेठ र असार महिनामा ४० प्रतिशत प्रोत्साहन भत्ता दिने निर्णय गरियो ।

**प्रस्ताव नं ४ ग्रामिण बाटो सरसफाइ सम्बन्धमा।**

निर्णय नं ४ प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.ब. ०७९।८० बाट लागू हुने गरी वडा अन्तर्गतका प्रमुख ग्रामिण सडकहरु वर्षातको कारणले अबरुद्ध सडकहरु प्राविधिक लागत स्टिमेट गरी गाउँपालिका कार्यालयलाई जानकारी गराइ जिल्ला दररेट बमोजिम वडा अध्यक्षको रोहवरमा वाटो सफाइ गर्ने साथै पहिलो प्राथमिकता गाउँपालिकाको मेसिनलाई दिने र सो उपलब्ध नभएमा अन्य मेशिन खोजी परिचालन गर्न सकिने साथै प्राविधिक कार्यसम्पन्न प्रतिवेदन अनुसार अन्तिम भुक्तानी दिने भन्ने निर्णय गरियो।